नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल

## वोलपत्र सम्बन्धि सूचना

### (प्रथम पटक प्रकाशित मिति २०७२।०७।१६)

यस अस्पतालको लागि आ.ब.०७२/०७३ मा निम्न वमोजिमको निर्माण कार्य वोलपत्र द्धारा गराउनु पर्ने भएकोले नेपाल सरकार वाट ईजाजत प्राप्त निर्माण ब्यवसायी वाट निम्न शर्तहरुको अधिनमा रहि रित पुर्वकको वोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै यस सम्बन्धी विस्तृत जानकारीको लागि यस अस्पतालको Web site http//www.bharatpurhospital.gov.np मा हेर्न सकिनेछ ।

**शर्तहरु:**

१) वोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र आ.व. ०७२।०७३ का लागि नविकरण भएको फर्म दर्ता र मु.अ.कर दर्ता भएको प्रमाण पत्रको प्रमाणीत प्रतिलिपी साथै आ.व. ०७१।०७२ को कर चुक्ताको प्रमाण पत्र संलग्न राखी ईच्छुक वोलपत्र दाताले यस कार्यालयको Website http//www.bharatpurhospital.gov.np को eProcurement System मा गई TOR download गर्न सकिनेछ । TOR खरीद गर्न सूचना प्रकाशित भएको मितिले ३० औ दिनभित्र रितपूर्वक रु.१०००।- (एकहजार रुपैया मात्र) (फिर्ता नहुने गरी) यस अस्पतालको रा.बा.बैंक भरतपुरमा रहेको चल्तिखाता नं.९६७ मा जम्मा गरी खरीद गर्न सकिनेछ । ABBS भौचर जम्मा गर्ने बोलपत्रदाताहरुले अस्पतालको खाता रहेको बैक शाखाबाट रुजु/प्रमाणित गरि पेश गर्नुपर्नेछ । अन्यथा मान्यता दिइनेछैन ।

२) बोलपत्र साथ धरौटि वापत लागत इष्टिमेट अकंको वा कवुल अंकको २.५ प्रतिशतले हुने रकम जमानत वापत तपशिलमा उल्लेखित धरौटी रकम एकिकृत धरौटि खाता को.ले.नि.का.चितवनको रा.बा.बैंक, भरतपुर शाखामा रहेको ख ३ धरौटी १३१०२०३०००००० खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा १८० दिन म्याद भएको यस अस्पतालको नाममा जारी भएको विड वण्ड पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भए पछि नियमानुसारको रकम संझौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा 'क' वर्गको बाणिज्य बैकबाट जारी भएको कम्तिमा एक वर्ष म्याद भएको परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

३) खरीद भएको बोलपत्रहरु प्रष्टसँग भरी ठेकेदारले प्रत्येक पानामा सहि छाप लगाई सूचना प्रकाशित भएको मितिले ३१ (एक्तिस) औ दिनको १२:०० वजे भित्र यस अस्पतालको Website http//www.bharatpurhospital.gov.np को eProcurement System मा गई १) बोलपत्र दस्तुर वापतको बैंक भौचर २) धरौटीको बैंक भौचर वा विडवन्ड, ३) BOQ/TOR ४) कर चुक्ता प्रमाणपत्र ५) फर्म दर्ता प्रमाण पत्र ६) मु.अ.कर दर्ता प्रमाणपत्र मात्र Scan गरी Upload गर्न सकिनेछ साथै अन्य आवश्यक सक्कल कागजातहरु (Hard Copy) तीन दिनभित्र अस्पतालमा बुझाउनु पर्नेछ । Upload भएका बोलपत्रहरु

Medical Superintendent

३१ (एक्तिस) औ दिनको २:०० वजे यस अस्पतालमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा पर्नेछैन । बोलपत्र खरीद गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट बोलपत्र दस्तुर वापतको रकम बैक दाखिला गरि १२:०० बजे भित्र नै बोलपत्र E-Tender मार्फत Upload गरि सक्नुपर्नेछ । साथै बोलपत्र दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट उक्त कार्य हुनेछ ।

४) बोलपत्र दाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइने छ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको वोलपत्र माथि कारवाहि हुने छैन् ।

५) वोलपत्र खरिद वा दर्ता गर्ने निर्माण व्यवसायी तथा फर्महरुले निर्माण स्थल र कामको सम्वन्धमा राम्ररी बुझि दरभाउ पत्र भरेको मानिनेछ ।

६) वोलपत्र खरिद गर्ने अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट वा विदा पछि कार्यालय खुलेको दिन हुनेछ ।

७) बोलपत्रदाताले कवोल गरेको दरभाउमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा निर्माण कार्य गर्न नसकेमा अर्को व्यवस्था गरी निर्माण गरिने छ । त्यसरी निर्माण गर्दा बोलपत्रमा उल्लेख गरिएको मुल्य भन्दा बढी पर्न गएमा बोलपत्र दाताको धरौटी रकम वा भुक्तानी गर्न वाकि रकमबाट असुल उपर गरिनेछ ।

८) कुनै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षित रहनेछ ।

९) शर्त रहेको, रीत नपुगेको तथा म्याद नाघी आएको वोलपत्र उपर कुनै कारवाही हुने छैन । एक फर्म वा सस्थाको नाममा खरिद गरिएको वोलपत्र अर्को फर्मको नामवाट जम्मा गर्न पाईने छैन ।

१०) बोलपत्रदाताले आफू कालोसूचीमा नपरेको भनी स्वयं घोषणा पेश गर्नुपर्नेछ ।

११) संझौता गरी निर्माण कार्य नगर्ने फर्मलाई नियमानुसार कालो सूचीमा दर्ताको लागि पठाइनेछ ।

१२) थप जानकारीको लागि यस अस्पतालको प्रशासन शाखामा सर्म्पक राख्न सकिनेछ ।

१३) यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ

| सि.नं. | ठे.नं. | **विवरण** | धरौटी रकम | बोलपत्र दस्तुर | कुल ल.ई.(कन्टिजेन्सि र भ्याट वाहेक) |
|---|---|---|---|---|---|
| **1** | 27/072/073 | ए ब्लक भवन र वि ब्लक भवन जोड्ने जोईन्ट पुल निर्माण | ५२०००।०० | १०००। | २०७२४१२।७० |

Medical Superintendent